# आर्थिक वर्ष २०७८/०७९ को

# वजेट वक्तव्य

२०७८

## गल्याङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा,गण्डकी प्रदेश ,नेपाल

# नगरसभाको बैठकमा

# नगरपालिकाका उपप्रमुख देविसरा थापाबाट

# प्रस्तुत

# आर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य, सिद्धान्त तथा मार्गदर्शन

## गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

वि.सं.२०७८ साल असार १० गते

**सभाध्यक्ष महोदय**

**सभाका सचिव**

**सभाका सम्पूर्ण सदस्य ज्यूहरु।**

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरका कारण सिर्जित विषम परिस्थितिका विचमा नगरवासीको जीवनरक्षा गर्दै विकास निर्माणलाई अगाडी बढाउने तथा जनजीवन र आर्थिक क्रियाकलापहरुलाई गतिशिल तुल्याउने दृढ विश्वासका साथ म यस गरिमामय नवौं सभा समक्ष आ.व.२०७८/०७९ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।
- नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन,विकास र समृद्धि हासिल गरि स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना गरेको छ। संघ, प्रदेश र स्थानीय सरकार समग्र मुलुकको आर्थिक सामाजिक विकासमा क्रियाशिल भई नेपाल सरकारले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न, गल्याङ नगरपालिकालाई समृद्ध र सवल बनाउन आर्थिक वर्ष २०७८/०७९ को वजेट तथा सिद्धान्त प्रस्तुत गरि रहदाँ मैले गौरवको अनुभूति गरेको छु।
- एकात्मक शासन प्रणालीको विगतको अवस्थाबाट जनताको प्रतिनिधि मार्फत राज्य संञ्चालन गर्ने संघीय लोकतान्त्रिक आजको युगमा पुर्‍याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रिय हित एवं स्वाभिमान लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्‍याउनु भएको योगदानको यहाँ स्मरण गर्न चाहन्छु।
- वर्तमान समयमा महामारीको रुपमा चरणबद्ध रुपमा संसार भर फैलिरहेको कोभिड-१९ को चपेटामा परेर ज्यान गुमाएका नगरवासीहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै कोरोनाबाट संक्रमित सबै जनालाई शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसका साथै कोरोना महामारीका विरुद्ध अग्रपङ्त्तिमा रहि

सेवारत सबै स्वास्थ्यकर्मी सूरक्षाकर्मी तथा यस अभियानमा खटिएका जनप्रतिनिधि राष्ट्रसेवक, स्वंयमसेवक र नागरिकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

- भविष्यमा आइपर्न सक्ने विपद तथा महामारीको कुशल व्यवस्थापन गरी जनताको जिउधनको सूरक्षा गर्न स्थानीय सरकार जनताको सबैभन्दा नजिकको घरदैलोको सरकार भएको हुँदा जनताको चाहना र हाम्रो क्षमता बिच सन्तुलन कायम गर्न सन्तुलित र समानुपातिक विकास गर्दै सोको प्रतिफललाई संस्थागत गर्न गल्याङ नगरपालिका प्रतिवद्ध छ।

- आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नगरवासीको आर्थिक सामाजिक हित प्रवर्द्धनका लागि नेपाल सरकार एंव प्रदेश सरकारसंगको सहकार्यमा र समन्वयमा श्रोत साधनको समन्यायिक वितरण मार्फत सबैलाई समान अवसर स्थापित गर्ने कुरामा विशेष जोड दिएको छु।
- आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नगरप्रमुख ज्यू बाट यस सभामा पेश भएको नीति तथा कार्यक्रम,नेपालको संविधान, नेपाल सरकार र गण्डकी प्रदेश सरकारले पेश गरेका नीति तथा कार्यक्रम र बजेट,नेपालको पन्ध्रौं आवधिक योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्पिय योजना,विषयगत समितिका सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका प्राथमिकता**,

- विश्वव्यापी रुपमा देखा परेको कोभिड-१९को महामारीबाट नगरवासीहरुको जीवन रक्षा गरि जनजीवनलाई सामान्यीकरण गर्नु।
- आर्थिक, सामाजिक र भौतिक पूर्वाधारहरुको विकास तथा निर्माणलाई तीव्रता दिनु।

- स्वास्थ्य, शिक्षा तथा कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गर्ने गरि जीवन स्तरमा सुधार ल्याउने।
- स्वस्थ र प्रतिस्पर्धी समतामुलक समाजको निर्माण।
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय श्रोत साधनको अधिकतम उपयोग गरि उत्पादन र उत्पादकत्व बढाउने।
- नगरपालिकाको केन्द्र देखि सवै गाउ सम्म सडक सञ्जाल विस्तार गरि आधारभूत सेवा सुविधामा पहुँच बढाउने ।
- जनसहभागितामा आधारित योजना तर्जुमा गरि जनताको लागत सहभागिता बढाई योजना कार्यान्वयनमा स्थानियको अपनत्व र दिगोपन कायम गर्ने ।
- महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सशक्तिकरण।
- दिगो विकास वातावरणीय संरक्षण तथा संर्वद्धन।
- विपद व्यवस्थापन जोखिम न्यूनिकरण गर्ने।

**बजेटका उद्देश्यः**

- कोभिड-१९ को प्रत्यक्ष असर परेको पर्यटन, उद्योग, होटल, व्यापार व्यवसाय र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत रोजगारी सृजना हुने गरि कृषि क्षेत्रमा रहेको अदृश्य श्रमशक्ति र बैदेशिक रोजगारिमा आएको उच्च गिरावटका कारण भएको वेरोजगारी समस्यालाई हृदयगमन गरि कृषि क्षेत्रलाई प्रमुख रोजगारीको आधारको रुपमा विकास गरि कृषि क्षेत्रमा संलग्न कृषकहरुको जीवनस्तर सुधार गर्ने।
- सबै नगरबासीमा आधारभूत शिक्षा,स्वास्थ्य, खानेपानी तथा सरसफाई र ढल निकास जस्ता शहरी पुर्वाधारको दीगो विकास,स्वास्थ्य क्षेत्रको विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य पूर्वाधार विकास गरि स्वस्थ नगरको रुपमा स्थापित गर्ने।
- सडक पूर्वाधार,ग्रामिण सडक, सिंचाई संरचना विकास तथा विस्तार कार्यलाई संघ तथा प्रदेश सरकारको सहकार्यमा अधुरा योजना सम्पन्नतालाई निरन्तरता दिने नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्ने ।

- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्ने कोभिड-१९ को लम्बिदो संक्रमणका कारण आयमा आएको कमीलाई ध्यानमा राखि आन्तरिक श्रोतको अधिकतम परिचालन, राजश्व संयन्त्रको सुदृढिकरण र व्यवस्थापन गर्ने।
- जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता तथा प्रभावकारीता सुनिश्चित गरी लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि, प्रभावकारी, सुलभ र गुणस्तरीय सेवा प्रदान मार्फत सुशासनको प्रवर्द्धन गर्ने।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७७/०७८ को बजेट को आय र व्ययको स्थिति प्रस्तुत गर्न चाहन्छु।

- गल्याङ नगरपालिकाको सातौं नगरसभाबाट आर्थिक वर्ष २०७७/०७८ का लागि रु.७२ करोड ९८ लाख ३७ हजार ७ सय ९० वार्षिक बजेट स्वीकृत गरिएकोमा चालु खर्च तर्फ रु.४७ करोड ४२ लाख ३६ हजार र पूजींगत खर्च तर्फ रु.२५ करोड ५६ लाख १ हजार रकम विनियोजन गरिएको थियो। स्वीकृत वार्षिक बजेट अनुसार २०७८ जेष्ठ मसान्त सम्म चालु खर्च तर्फ रु. ३६ करोड ६८ लाख ६९ हजार २ सय ८९ र पैसा ५६ खर्च भएको छ। जुन स्वीकृत चालु खर्चको ७७.५३ प्रतिशत रहेको छ। त्यस्तै पूँजीगत खर्च रु.१४ करोड २२ लाख ५७ हजार २ सय १२ खर्च भएको छ। जुन स्वीकृत पूजींगत खर्चको ४७.४३ प्रतिशत रहेको छ। चालु आ.व.को असार मसान्त सम्ममा चालु खर्च तर्फ ९० प्रतिशत तथा पुजिंगत खर्च ७० प्रतिशत हुने अनुमान छ।
- यस आ.व.मा विपद व्यवस्थापन कोष स्थापना गर्न रु.७७ लाख विनियोजन गरिएको थियो। साथै वर्तमान समयमा महामारीको रुपमा फैलिरहेको कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि स्थापना गरिएको स्थानीय विपद व्यवस्थापन कोषमा जेष्ठ मसान्त सम्मा रु. १ करोड १० लाख ६४

हजार २ सय ५६ जम्मा भएको छ जसमध्ये प्रदेश सरकारबाट रु. ३१ लाख ६४ हजार १ सय १३ र बाकी रकम कर्मचारी, स्थानीय व्यक्ति, संगठित संस्था तथा अन्य सहयोगी दाताहरुबाट संकलन भएको हो। उक्त रकम कोभिड-१९ नियन्त्रण रोकथाम तथा उपचार ,राहत सामग्री वितरण लगायत विभिन्न कार्य हरुमा खर्च हुदै आएको छ।

- चालु आर्थिक वर्षमा रु ३ करोड ४४ लाख ७६ हजार आन्तरिक राजश्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्ममा रु १ करोड ९१ लाख २५हजार मात्र संकलन भएको छ जुन अनुमानित राजश्वको ५५ प्रतिशत हुन आउछ।देशमा संक्रामक रोग संग लड्न अन्तिम चौमासिक बाट लागु गरिएको निषेधाज्ञाको प्रत्यक्ष असर राजश्व परिचालनमा समेत परेको हुँदा असार मसान्त सम्ममा बाकीं राजश्व संकलन चुनौतिपूर्ण रहेको छ। त्यसैगरी जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानिकरण अनुदानबापत रु.१२करोड ६७ लाख प्राप्त भएको छ भने राजश्व बाडँफाड बाट रु.१२ करोड ७४ लाख ५८ हजार ७ सय ९० मध्येमा चालु आ.व. को जेष्ठ मसान्त सम्ममा रु.१० करोड ८८ लाख ८० हजार ६सय ७९ रुपैंया मात्र प्राप्त भएको छ।चालु आ.व.को शसर्त अनुदान संघ तर्फ रु ३४ करोड ५९ लाख १९ हजार मध्ये रु.२० करोड ९९ लाख ६४ हजार ९ सय २५ रुपैया निकासा आम्दानी भएको छ।र प्रदेश समपूरक अनुदान रु.१करोड ५० लाख प्राप्त भएको छ।
- आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको यथार्थ विवरण,जेष्ठ मसान्त सम्मको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको संशोधित विवरण यसैसाथ संलग्न गरि पेश गरेको छु।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु,**

**अब म क्षेत्रगत रुपमा आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।**

## १.आर्थिक विकास

कृषि तथा पशुपालन क्षेत्रको विकासको विकास तथा विस्तार कार्यका लागि कृषकहरुले लिने व्याज अनुदान प्रदान गर्ने नीति कार्यान्वयनका लागि आवश्यक वजेट रु.१५लाख विनियोजन गरेको छ।

- चालु आ.व.मा संचालित दुध विक्रिमा अनुदान कार्यक्रमलाई आगामी आ.व. मा पनि निरन्तरता दिइ दुध विकास कार्यक्रमका लागि रु.४५ लाख विनियोजन गरेको छ।
- आयआर्जनका लागि दुध उत्पादन कार्यक्रम अन्तर्गत प्राप्त विशेष अनुदान रु ४२ लाख मा साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।
- संघ तथा प्रदेश सरकारको सहकार्यमा साझेदारीमा गाईभैसीँ/वाखा प्रर्वद्धन कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।साथै पशु विमा कार्यक्रमका लागि रु.३० लाख विनियोजन गरेको छ।
- विभिन्न वंगुर/ कालिजपालन /कुखुरापालन अण्डा उत्पादन कार्यक्रम र मागमा आधारित कृषि विउ यन्त्र उपकरण वितरण कार्यका लागि १ करोड ४० लाख बजेट विनियोजन गरेको छ।
- उद्योग वाणिज्य आपूर्ति व्यवस्थापन,पर्यटन सहकारी क्षेत्र प्रर्वद्धनका कार्यबम लागि रु ४७ लाख विनियोजन गरेको छ ।
- सिंचाई संरचना निर्माण यस आ व मा सम्पन्न हुन नसक्ने योजनालाई क्रमागत गरि सिंचाई संरचना निर्माणका लागि रु.१ करोड ९ लाख २५ हजार विनियोजन गरेको छ।
- आर्थिक विकासको आधारको रुपमा कृषि , पशुपालन र साना सिंचाईका पर्यटन पुर्वाधारको विकास गरी निजी तथा सहकारी क्षेत्रको प्रवर्धन मार्फत उद्योग तथा वाणिज्य क्षेत्रको शुदृढीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा बिशेष जोड दिइएको नीति कार्यान्वयनका लागि आर्थिक विकास क्षेत्रको लागि जम्मा रु.४ करोड ७० लाख २५ हजार बजेट विनियोजन गरेको छ।

### २.सामाजिक विकास

नेपाल सरकार र गण्डकी प्रदेश सरकारका सामाजिक क्षेत्रका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै शैक्षिक क्षेत्र सुधार मार्फत सामुदायिक विद्यालयहरुमा पूर्वाधार विकास,शैक्षिक जनशक्तिको क्षमता विकास, विद्यार्थीको प्रतिभा पहिचान गरि प्रतिष्पर्धी क्षमता अभिवृद्धि गर्न, प्राविधिक शिक्षा पठनपाठन संचालन गर्न, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र सोको ब्यबस्थापन समितिको क्षमता विकास गर्न, बिकास प्रक्रियामा जेष्ठ नागरिक, एकलमहिला, जनजाति, दलित, अपाङ्ग, बिपन्न, असहाय, बालबालिका, लाई समाहित गर्न, स्वच्छ खानेपानीको सहज पँहुच स्थापित गर्न, पुर्ण सरसफाइयुक्त नगर बनाउने नीति कार्यान्वयनको लागि आवश्यक विनियोजन गरेको छ ।

- कोभिड-१९ को व्यवस्थापन तथा अन्य विपद व्यवस्थापन न्यूनिकरण कार्यका लागि स्थानीय विपद व्यवस्थापन कोषका लागि रु.८० लाख विनियोजन गरेको छु।
- खानेपानी सरसफाई ढल निकास संरचना निर्माण गर्न रु.१ करोड ८६ लाख ९५ हजार विनियोजन गरेको छु।

- स्वास्थ्य क्षेत्रको विकास स्वास्थ्यकर्मीको क्षमता विस्तार प्रोत्साहन कार्यक्रमका तथा गल्याङ नगरअस्पतालको क्षमता विस्तार संचालन तथा व्यवस्थापनका लागि रु.१करोड विनियोजन गरेको छु।
- प्रारम्भिक बाल विकास तथा विद्यालय कर्मचारीहरुको नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- सामाजिक समावेशिकरण तथा लैङ्गिक समानता क्षेत्रका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- सामजिक विकासका अन्य कार्यक्रम संचालनका लागि लक्षितवर्ग कार्यकम शसक्तिकरण कार्यक्रम संचालनका लागि १करोड ८५ लाख विनियोजन गरेको छु।
- माथि उल्लेखित कार्यक्रम संचालन गर्न सामाजिक क्षेत्रका लागि जम्मा जम्मा रु.५ करोड ७ लाख पचास हजार विनियोजन गरेको छु ।

**३.पुर्वाधार विकास**

- वातावरण मैत्री, अपांग मैत्री, महिला तथा बाल मैत्री सडक, पूल,भवन निर्माणका लागि सहभागिता परिचालन गर्ने गरि पुर्वाधार निर्माण गरिने छ त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सडक विस्तार तथा नगर गौरवका सडक योजना संचालन गर्न रु.३ करोड विनियोजन गरेको छु।
- नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गर्न समपुरक अनुदान रु.४ करोड ६ लाख सहित आवश्यक बजेट विनियोजन गरेको छु
- गल्याङ बसपार्क निर्माणका लागि सहलगानी मार्फत प्राप्त हुने रु. १ करोड र नगरपालिकाको साझेदारिको आवश्यक बजेट व्यवस्था गरेको छु।
- प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र सशर्त अनुदान को रु. १ करोड लाई तोकिएको कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छु।
- सार्वजनिक निर्माण वडा समितिबाट छनोट भएका योजना संचालन का लागि आवश्यक वजेट विनियोजन गरेको छु
- पुर्वाधार विकासका लागि जम्मा रु १८ करोड ३१ लाख ७१ हजार ४ सय ३५ विनियोजन गरेको छु

**४.कार्यालय संचालन तथा प्रशासनिक/सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

जनप्रतिनिधिको सुविधा, नगरपालिका तथा वडा कार्यालयको प्रशासनिक तथा कार्यालय संचालन खर्चका साथै संस्थागत क्षमता विकास कार्यक्रम संचालन, जग्गा प्राप्ति, मेशिनरी औजार तथा सवारी साधन लगायत मर्मत तथा खरिद नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह गर्न जनसहभागिता,कर्मचारी पारिश्रमिक तथा अन्य सूविधा, सेवा प्रवाह विधि, संरचनागत व्यवस्था, सेवाको सुरक्षा जस्ता पक्षहरुलाई अंगिकार गरि सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई। सरलीकृत सेवा प्रवाह,दिगो विकासको लक्ष्य अनुरुप कार्य गर्नका लागि कार्यालय संचालन तथा अन्तरसम्बन्धित क्षेत्रमा जम्मा रु. १७ करोड ०८ लाख ७० हजार ५ सय ६५ विनियोजन गरेको छ ।

**६.वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुदान**

नेपाल सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान अन्तर्गत विनियोजित बजेट रु ४०करोड ३६ लाख र प्रदेश सरकारबाट विनियोजित रु.१ करोडलाई तोकिएका कार्यक्रम संचालनका लागि खर्च गरिने छ । नेपाल सरकारबाट थप बिनियोजन हुने समेत सडक मर्मत सुधार, खानेपानी तथा सरसफाई, गरिब संग विश्वेस्वर, सामाजिक सुरक्षा भत्ता, प्रधानमन्त्री रोजगार कार्यक्रम, जस्ता कार्यक्रमका बजेटलाई तोकिएको कार्यविधि अनुसार खर्च गरिने छ

**सभाध्यक्ष्य महोदय,**

## अव म वजेटको खर्च पूर्तिका श्रोत प्रस्तुत गर्न चाहन्छु।

- यो बजेट प्रस्ताव गर्दा संघ, प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी आर्थिक,सामाजिक, पूर्वाधार विकासलाई सन्तुलित बनाउदैं नगरवासीको क्षमता अभिवृद्धि, रोजगारी श्रृजना र सुशासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखेको छु। सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम कार्यान्यन गर्न संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण सहित जम्मा रु. ८१ करोड १९ लाख ६२ हजार विनियोजन गरिको छु। ।जसमध्ये नगरपालिका चालु खर्च रु.१४ करोड २७ लाख १५ हजार ५ सय ६५ (१७.०५ प्रतिशत) र नगरपालिका पूँजिगत तर्फ रु.३३ करोड ८६ लाख ४६ हजार ४सय ३५ (८२.९५ प्रतिशत) खर्च हुने अनुमान छ।
- उक्त खर्च ब्यहोर्ने श्रोत नगरपालिकाको आन्तरिक आम्दानी रु.२ करोड ८० लाख, यस आव को नगद मौज्दात रु.६करोड १२ लाख, जलविद्युत रोयल्टी रु.५ करोड, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु १३ करोड ४३लाख, राजश्व बाँडफाँड रु

९ करोड ७ लाख ९९ हजार  घरजग्गा रजिष्टेशन वापत रु.२० लाख समपूरक अनुदान संघ रु.४ करोड ६ लाख विशेष अनुदान संघ रु.८४ लाख र सशर्त अनुदान रु ३५ करोड ४६ लाख, तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु १ करोड ५९ लाख ५१ हजार र राजश्व बाँडफाँड रु १करोड २१ लाख १२ हजार वाडफाँड बाट प्राप्त हुने राजश्व रु.९१ लाख, शसर्त अनुदान प्रदेश रु ५० लाख समपुरक अनुदान प्रदेश रु.५० लाख र सडक वोर्ड नेपाल बाट रु४० लाख  आम्दानी हुने अनुमान छ ।

सभाध्यक्ष महोदय,

अव म  आ.व.२०७८/०७९ का राजश्व श्रोत तथा दर प्रस्तुत गर्न चाहन्छु।

- गल्याङ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर दस्तुर शुल्क संकलन गर्न बढ्दो कोभिड-१९को कारण कर छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम यस नगरसभा समक्ष आर्थिक विधेयक र सोका अनुसूचिहरु स्वीकृतका लागि यसैसाथ पेश गरेको छु।आन्तरिक श्रोत परिचालन गर्न आ व २०७८/०७९ का लागि कर तथा गैरकर राजश्वका दरहरुलाई यथावत राखेको छु। प्रसाशनिक सुधार र करको दायरा विस्तार गरि राजश्वको लक्ष्य प्राप्त हुने छ।
- आगामी आ. व. मा प्रत्येक वडामा भु सेवा केन्द्र मार्फत भूमिकर वडा बाट नै संकलन गर्ने व्यवस्था मिलाएको छु।
- कोभिड-१९ का कारण उत्पन्न परिस्थितीले कर दाखिला गर्न नसकेका करदातालाई १ महिना समय थप गरेको छु।

विनियोजन विधेयक, २०७८ र आर्थिक विधेयक, २०७८ यसैसाथ पेश गरेको छु ।

अन्तमा, बजेट तयारीमा आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नु हुने तथा सल्लाह सुझाब दिनुहुने जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारजगत तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद । । ।**